हामी सबैको रहर: शिक्षित, सफा, सुन्दर, सुरक्षित र सक्षम विराटनगर

विराटनगर महानगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

विराटनगर, मोरङ

कोशी प्रदेश नेपाल

मिति २०८३।०१।३१ गते

## कक्षा ११ र १२ मा छात्रवृत्तिमा अध्ययन गर्न चाहने विद्यार्थीका लागि छनोट परीक्षाको अनलाइन फाराम भर्ने सम्बन्धी जरुरी सूचना

विराटनगर महानगरपालिका भित्र सञ्चालित कक्षा ११ र १२ मा अध्यापन हुने संस्थागत विद्यालयमा शैक्षिक सत्र २०८३ मा कक्षा ११ मा छात्रवृत्तिमा अध्ययन गर्न चाहने विद्यार्थीले मिति २०८३।०२।१ गते बिहान १० बजेदेखि मिति २०८३।०२।१० गते राती ११:५९ बजेसम्म विराटनगर महानगरपालिकाको वेबसाइट www.biratnagarmun.gov.np मा गइ कक्षा ११ को अनलाइन छात्रवृत्ति फाराममा क्लिक गरी वा scholarship.biratnagarmun.gov.np मा log in गरी त्यहाँ राखिएको अनलाइन आवेदन फाराम (Online Application Form) रीतपूर्वक भरी पेश गर्नका लागि सम्बन्धित सबैमा यो सूचना प्रकाशन गरिएको छ ।

**१. छात्रवृत्तिका लागि विद्यार्थी छनोट परीक्षा हुने मिति - २०८३।०२। १७ गते शनिबार**

**२. अनलाइन आवेदन फाराम पेश गर्ने समय, शुल्क र न्युनतम योग्यता**

(क) फाराम पेश गर्ने अन्तिम मिति -२०८३।०२।१० गते राती ११:५९ बजेसम्म

(ख) आवेदन शुल्क - निशुल्क

(ग) न्युनतम योग्यता - SEE परीक्षामा न्युनतम १.६ GPA ल्याइ पूरा गरेको

**३. छनोट परीक्षाको पाठ्यक्रम र उत्तीर्णाङ्क सम्बन्धी व्यवस्था**

(क) सबै प्रश्नहरु बहुवैकल्पिक हुनेछन् ।

(ख) कक्षा १० को पाठ्यक्रममा आधारित भइ अनिवार्य विषय नेपाली, अंग्रेजी, गणित, विज्ञान, सामाजिक विषयबाट समानुपातिक रुपमा ९० अंक तथा सामान्य ज्ञानबाट बाट १० अंकभारको प्रश्न सोधिनेछ ।प्रत्येक प्रश्नको अंकभार २ र कूल पूर्णाङ्क १०० रहने छ ।

(ग) छनोट परीक्षा उत्तीर्ण हुनका लागि न्युनतम ४० अंक ल्याउनुपर्नेछ ।

**४. अनलाइन आवेदन फाराम भर्ने विधि, प्रकृया र आवश्यक निर्देशन**

(क) अनलाइन फाराम विराटनगर महानगरपालिकाको वेभ साइट www.biratnagarmun.gov.np मा गइ कक्षा ११ को अनलाइन छात्रवृत्ति फाराममा क्लिक गरी वा scholarship.biratnagarmun.gov.np मा log in गरी उपलब्ध हुनेछ । हार्डकपी फाराम मान्य हुने छैन ।

(ख) अनलाइन फाराम भर्दा आफूले अध्ययन गर्न चाहेको विषय पढाइ हुने बढीमा ५ वटा विद्यालयको प्राथमिकताक्रम निर्धारण गर्नुपर्छ । प्राथमिकता निर्धारण गरेको विद्यालयमा छनोट

नभएमा परीक्षा समितिले निर्णय गरी अन्य विद्यालयमा रिक्त रहेको कोटामा योग्यताक्रमका आधारमा मापदण्ड बनाइ सिफारिस गर्न सक्नेछ ।

(ग) विद्यार्थीले पेश गरेका विवरण झुटा ठहरेमा त्यस्ता उमेद्वारको आवेदन फाराम रद्ध गरिनुका साथै भर्ना भइसकेको भए सो भर्ना समेत रद्ध गरिनेछ । यस सम्बन्धी अन्य व्यवस्था प्रचलित कानुन बमोजिम हुनेछ ।

(घ) आवेदक विद्यार्थीले आफ्ना सबै विवरण भरिसकेपछि पुनरावलोकन (preview) गरेर विवरण ठीक भएको यकिन भए पश्चात मात्र आवेदन पेश (Submit) गर्नुपर्दछ । आवेदन फाराम पेश (Submit) भए पश्चात कुनै पनि विवरण सच्याउन पाइने छैन ।

(ङ) फोटो तथा अन्य आवश्यक कागजपत्र JPG र PNG format मा तोकिएको साइजमा अपलोड गर्नुपर्नेछ ।

**५. प्रवेश पत्र प्रिन्ट गर्ने व्यवस्था**

आवेदक विद्यार्थीले आफ्नो व्यक्तिगत आइडी बाट परीक्षा हुने मिति भन्दा २ दिन अघिदेखि प्रवेश पत्र प्रिन्ट गर्ने बटन क्लिक गरी स्वयमले प्रिन्ट गर्नुपर्नेछ .। परीक्षा सम्बन्धी जानकारी प्रवेश पत्रमा उल्लेख हुनेछ । प्रवेश पत्र विना परीक्षामा सहभागी हुन पाइने छैन ।

**६. परीक्षाको केन्द्र तथा नतिजा प्रकाशन**

छात्रवृत्ति छनोट सम्बन्धी परीक्षाको केन्द्र, नतिजा प्रकाशन सम्बन्धी व्यवस्था तथा परीक्षा सम्बन्धी अन्य जानकारी परीक्षा हुने ३ दिन अगावै महानगरपालिकाको वेवसाइट www.biratnagarmun.gov.np मा सूचना मार्फत प्रकाशन गरिनेछ ।

**७. छात्रवृत्तिका लागि आरक्षण सम्बन्धी व्यवस्था**

(क) संस्थागत विद्यालयले उपलब्ध गराउने कम्तिमा १० प्रतिशत छात्रवृत्तिलाई सत प्रतिशत मानी विराटनगर महानगरपालिकाको **संस्थागत विद्यालय छात्रवृत्ति वितरण कार्यविधि २०८१** बमोजिम देहाय बमोजिम आरक्षणको व्यवस्था गरिएको छ ।

(i) जेहन्दार - ३५ प्रतिशत
(ii) विपन्नता - ३५ प्रतिशत
(iii) जनजाती - १० प्रतिशत
(iv) दलित - ५ प्रतिशत
(v) अपांगता - ५ प्रतिशत
(vi) मुस्लिम - ५ प्रतिशत
(vii) अन्य - ५ प्रतिशत

२०८१।०२।०५

हामी सबैको रहर: शिक्षित, सफा, सुन्दर, सुरक्षित र सक्षम विराटनगर"

विराटनगर महानगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

विराटनगर, मोरङ

कोशी प्रदेश, नेपाल

(ख) यसरी छुट्याइएको प्रत्येक आरक्षित समूहको पचास प्रतिशत कोटा छात्राहरूका लागि सुरक्षित गरिएको छ। छात्राहरूको कोटा पूर्ति हुन नसकेमा सो कोटा छात्रहरुलाई प्रदान गरिनेछ ।

(ग) छात्रवृत्तिका लागि विद्यार्थी छनोट गर्दा कम्तिमा पचास प्रतिशत कोटा सामुदायिक विद्यालयबाट आएका छात्र छात्राका लागि छुट्याइनेछ।

(घ) माथि उल्लेखित कोटा मध्ये कुनै कोटामा आवेदन नपरेमा वा आवेदन परेर पनि कुनै परीक्षार्थी उत्तीर्ण हुन नसकेमा वा अन्य कारणबाट तोकिएको कोटा पूर्ति हुन नसकेमा परीक्षा सञ्चालन समतिको निर्णय बमोजिम अन्य धेरै आवेदन परेको कोटामा परिणत गरिनेछ।

(ङ) माथि उल्लेखित आरक्षणहरू मध्ये एक विद्यार्थीले कुनै एक आरक्षण समूहबाट मात्र आवेदन दिन पाउने छन्।

(च) छात्रवृत्तिमा फाराम भरेको विद्यार्थीले छात्रवृत्तिको परीक्षा पूर्व कुनै विद्यालयमा भर्ना भई पछि सोही विद्यालयमा सिफारिस नभई अन्य विद्यालयमा छात्रवृत्तिमा सिफारिस भएमा सो विद्यालयमा बुझाएको शुल्क सम्बन्धमा महानगरपालिका कुनै जिम्मेवार हुनेछैन ।

(छ) कक्षा ११ मा छात्रवृत्ति पाएको विद्यार्थीले कक्षा १२ मा समेत स्वत: छात्रवृत्ति प्राप्त गर्नेछ तर देहायको अवस्थामा कक्षा १२ मा विद्यालयले छात्रवृत्ति प्रदान गर्न बाध्य हुने छैन।

(i) जम्मा विद्यालय खुलेको दिनको असी प्रतिशत हाजिरी नभएमा

(ii) कानूनले तोके भन्दा कम उमेरमा विवाह गरेमा

(iii) कक्षा उत्तीर्ण गर्न नसकेमा

(iv) गलत वा झुठा विवरण भरेको विवरण प्रमाणित भएमा

(v) शिक्षा नियमावली तथा विद्यालयले तयार पारेको आचार संहिता उलंघन गरेमा

## ८. कागजात पेश गर्नुपर्ने

आरक्षित समूहमा उमेद्वार हुन चाहने विद्यार्थीले आफूले आवेदन गर्न चाहेको समूहका लागि देहाय बमोजिमका कागजपत्र पेश गर्नुपर्नेछ ।

(क) सामुदायिक विद्यालयबाट SEE उत्तीर्ण गरेको भए सो खुल्ने सम्बन्धित स्थानीय तहले प्रमाणित गरेको कागजात

(ख) अपांगता सम्बन्धी छात्रवृत्तिका लागि अपांगता परिचयपत्रको प्रतिलीपि

(ग) दलित वा जनजाती छात्रवृत्तिका लागि सम्बन्धित जिल्ला प्रशासन कार्यालयको सिफारिस पत्र

(घ) विपन्न छात्रवृत्तिका लागि विपन्न परिचय पत्र वा सो नभए वडा कार्यालयको सिफारिस

२०८१/०५/०७

हामी सवैको रहर: शिक्षित, सफा, सुन्दर, सुरक्षित र सक्षम विराटनगर"

विराटनगर महानगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

विराटनगर, मोरङ

कोशी प्रदेश, नेपाल

(ङ) सहिदका छोराछोरी, जन आन्दोलन तथा मधेस आन्दोलनका घाइतेका सन्तती, बेपत्ता परिवारका सन्ततीका लागि नेपाल सरकार/ सम्बन्धित निकायबाट प्राप्त भएको प्रमाणित कागजात

९. छात्रवृत्ति सम्बन्धी अन्य सम्पूर्ण व्यवस्था विराटनगर महानगरपालिकाको संस्थागत विद्यालय छात्रवृत्ति वितरण कार्यविधि २०८१ बमोजिम हुनेछ ।

थप जानकारीका लागि

विराटनगर महानगरपालिकाको शैक्षिक प्रशासन महाशाखामा सम्पर्क गर्नहुन अनुरोध छ । अनलाइन फाराम भर्ने सम्बन्धी सूचना र जानकारीका लागि महानगरपालिकाको आधिकारिक फेसबुक पेज/वेभ साइट/ युटुब च्यानलमा राखिएको भिडियो हेरी जानकारी लिन सकिनेछ ।

विराटनगर महानगरपालिका

शैक्षिक प्रशासन महाशाखा

२०८१/०२/०९